# चौदण्डीगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेल्टार, उदयपुर

प्रदेश नं. १ नेपाल

**आ.व.०७९/०८० को लागि ढुंगा, गिट्टी, बालुवाको संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोबस्ती सम्बन्धी ३० (तीस) दिने (बढाबढ) (hard copy) बोलपत्र आव्हानको सूचना**

कार्यालयमा प्रथम पटक सूचना प्रकाशित मिति: २०७९।०७।०३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम चौदण्डीगढी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७, बमोजिम नगर कार्यपालिकाको कार्यालयले प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदन (IEE Report) स्वीकृत भएका स्थानहरुबाट ढुंङ्गा, गिट्टी, बालुवाको संकलन तथा बिक्री शुल्क असुल गर्न प्रदेश नं. १ को आर्थिक ऐन २०७९ को दफा ६ को अनुसूची ४ बमोजिमको दररेटमा तथा यस चौदण्डीगढी नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार तपसिल बमोजिमको खोला, नदी, नालाहरुबाट ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको अवधिभित्र रीतपूर्वकको ( **बढाबढ** ) **बोलपत्र** आव्हान गरिएको छ ।

तपसिल :

चौदण्डीगढी नगरपालिका क्षेत्र भित्र खोला तथा नदीहरुबाट उत्खनन गरिने नदीजन्य पदार्थको विवरण

| बोलपत्र न./सूचना/ ठेक्का न. | सि.न. | खोला तथा नदीको नाम | ढुंगा घ.मि. | ग्राभेल घ.मि. | वालुवा घ.मि. | जम्मा परिमाण घ.मि. | न्युनतम कबोल अंक मु.अ.कर. वाहेक (धरौटि रकम कबोल अंक ५ प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| आय ठेक्का नं ५/०७९/०८० वालुवा | १ | त्रियुगा खोला वडा ५ (१) | ० | ० | १६,१२६ | १६,१२६ | २७,०४,६५२/- (अक्षरूपी सत्ताइस लाख चार हजार छ सय वाउन्न रूपैयाँ) |
| | २ | त्रियुगा खोला वडा ५ (२) | ० | ० | ४३,७६८ | ४३,७६८ | ७३,४०,७६८/- (अक्षरूपी त्रीरत्तर लाख चालिस हजार सात सय अठसठीरूपैयाँ) |
| | ३ | त्रियुगा खोला वडा ९ | ० | ० | ७,५८९ | ७,५८९ | १२,७२,८२७/- (अक्षरूपी बाह्र लाख बहत्तर हजार आठ सय सत्ताइस रूपैयाँ) |
| | ४ | देवधार त्रियुगा दोभान खोला वडा न.१० (४) | ० | | ५,०९८ | ५,०९८ | ८,५५,०३६/-(अक्षरूपी आठ लाख पचपन्न हजार छतीस रूपैयाँ) |
| | ५ | सिवाई खोला | ० | ० | ६,६८० | ६,६८० | ११,२०,३६९/- (अक्षरूपी एघार लाख बिस हजार तीन सय उनानसत्तरी रूपैयाँ) |
| | | **जम्मा** | | | | ७९,२६१ | |
| **बालुवाको सी.न. १ देखि ५ सम्म एकमुस्ट वा कुनै एक क्षेत्र वा एक भन्दा बढी क्षेत्रमा आंशिक रुपमा पनि बोलपत्र कबोल गर्न सकिनेछ।** | | | | | | | |
| आय ठेक्का नं ६/०७९/०८० ग्राभेल/ढुंगा | १ | चप्लेटि/माडीबास खोला (१) र (२) | २३७५ | २६००० | ० | २८,३७५ | १,५७,८२,५१०/- (अक्षरूपी एक करोड सन्ताउन लाख बयासी हजार पाच सय दस रूपैयाँ) |
| | २ | लामा खोला (१) | ६०० | २६,१३६ | ० | २६,७३६ | |
| | ३ | लामा खोला (२) | ५०० | १७,८८४ | ० | १८,३८४ | |
| | ४. | काली खोला | ० | १००० | ० | १००० | |
| | | **जम्मा** | | | | ७४,४९५ | |
| आय ठेक्का नं ७/०७९/०८० ग्राभेल/ढुंगा | १. | द्वार खोला ७ र ८ (३) | ० | ३०,३४५ | ० | ३०,३४५ | १,४१,४३,७७३/- (अक्षरूपी एक करोड एकचालीस लाख त्रिचालिस हजार सात सय त्रीयत्तर रूपैयाँ) |
| | २. | द्वार खोला ५,९, ६ र ७ (४) | ० | ३३,९१५ | ० | ३३,९१५ | |
| | ३. | देवधार खोला | | २,५०० | ० | २,५०० | |
| | | **जम्मा** | | | | ६६,७६० | |

ठेक्का सम्बन्धि शर्तहरु:

१. बोलपत्र फारम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी,नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७८/०७९ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारम दस्तुर प्रत्येक ठेक्काको लागि रु ३०००।- (तीन हजार) मात्रको नगदी रसिद बुझाई वा यस नगरपालिकाको आन्तरिक राजश्व खाता नं. **२३७०१००३०१०१०००२** मा दाखिला गरेको सक्कल भौचर सहित यस नगरपालिकाबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र बोलपत्र फारम खरिद गरिसक्नु पर्नेछ ।

३. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएको शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० बजे नगरपालिकाको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

४. अधिकार प्राप्त प्रतिनिधिमार्फत बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (**Power of Attorney**) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फारम साथ आफुले कवोल गरेको कुल अंकको फर्म वा कम्पनीले **५ प्रतिशत धरौटी रकम** यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक बेल्टार शाखामा रहेको **धरौटी खाता नं. २३७०१००३०३००००२** मा जम्मा गरि सोको सक्कल भौचर वा यस नगरपालिकाको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा **१२० दिन** म्याद भएको बैंक ग्यारेण्टी (विड वण्ड) पेश गर्नुपर्नेछ ।

चित्र [illegible] गुरागाँई

प्रमुख प्रशासकीय अधिकृत

६. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखि सहि छाप गरि खामबन्दी गरि शिल लाहाछाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखी बोलपत्र फारम दर्ता गराउनु पर्नेछ ।

७. बोलपत्र फारममा भरेको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने,खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको तत् तत् दिन र समयमा गरिनेछ ।

९. पेश भएका बोलपत्रदाता मध्ये सारभूत रुपमा प्रभावग्राही सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

१०.बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको **७ दिन** भित्र सम्बन्धित वोलपत्रदाता वा फर्मले नियमानुसार अग्रीम आयकर तथा मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस नगरपालिकामा आउनु पर्नेछ । अन्यथा धरौटी रकम जफत गरि दोश्रो वोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

११. बोलपत्रदाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कबोल गरेको कूल रकममा (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौताको समयमा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, बेल्टार शाखामा रहेको राजश्व **विभाज्य कोष खाता नं. २३७०१००३०६०१०००२** मा जम्मा गरेको सक्कल भौचर/बैंक स्टेटमेन्ट र बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनुपर्नेछ । सो दुई किस्ता बापतको दोस्रो किस्ता रकम ३० प्रतिशत २०७९ माघ मसान्तसम्म र तेस्रो किस्ता बापतको रकम ३० प्रतिशत २०७९ चैत मसान्त भित्र जम्मा गरि सक्नुपर्नेछ । दोस्रो र तेस्रो किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त"क"श्रेणीको बैंकबाट यस नगरपालिकाको नाममा जारी भएको दोस्रो र तेस्रो किस्ता बराबरको रकमको लागि **२०८० असार १५** गते सम्म म्याद भएको **बैंक ग्यारेन्टी** (परफरमेन्स बण्ड) सम्झौता गर्दाकै समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । सम्झौता बमोजिमको रकम पुरै वा बैंक ग्यारेन्टी मार्फत उपलब्ध नभएमा सम्झौता गरिने छैन ।

१२. ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरिने ठेक्काको अवधि बोलपत्र दातासँग सम्झौता भएको मिति देखि **२०८० जेष्ठ मसान्त सम्म मात्र** रहनेछ ।

१३. ठेक्का सम्झौता भैसकेपछि बन्द, हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन ।

१४ ढुङ्गा र गिट्टीको लागि बिक्री तथा वितरण शुल्क मू.अ.कर बाहेक प्रति क्यूट फिट **रु.६।०० रुपैयाँ** वा **प्रति घ.मी.रु.२११।८६** र वालुवाको लागि संकलन तथा बिक्री शुल्क प्रति क्यूट फिट **रु.४।७५** वा **प्रति घ.मी.रु.१६७।७२ मा १३ प्रतिशत थप मू.अ.कर समेत जोडी लिन** पाउनेछ ।

१५. यस नगरपालिकाले निर्धारण गरेको परिणाम र दररेट भन्दा बढी उत्खनन् तथा असुल गरेमा नियमानुसार कारवाही गरी ठेक्का रद्द समेत गर्न सकिनेछ ।

१६. ठेकेदारले ठेक्का भोग चलान गर्दा यस नगरपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहीत हुनेछ ।

१८. कुनै पनि शर्त राखि पेश भएको,हुलाक मार्फत पठाएको, केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।

१९. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि वा निर्देशिकाको परिधि भित्र रहि यस नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२०. उत्खनन् भएको नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा संकलन तथा विक्री वितरण गर्दा स्थानीय उपभोक्तालाई प्राथमिकता दिई जिल्ला बाहिर विक्री वितरण गर्न पाउनेछ । साथै नम्बरी आवादी जग्गामा प्रक्रिया पुराई उत्खनन गरेको तथा खोला नाला बाहिरको क्षेत्रबाट उत्खनन र संकलन गरिएको ढुंगा, गिट्टी, बालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।

२१. सम्मानीत अदालत, नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति र यस नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालाना गर्नु/गराउनु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति, निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले नगरपालिकासंग गर्न पाउने छैन ।

२२. **प्रदेश नं १ सरकारको आर्थिक ऐन २०७९ को अनुसूची ४** बमोजिम संकलन तथा विक्री शुल्क वापतको एकमुष्ठ रकम नगरपालिकामा बुझाएमा न.पा.बाट पहिलो प्राथमिकता दिई १० **प्रतिशत** छुट गरी ठेक्का सम्झौता गरिनेछ । यसका लागि रकम बुझाउन पूर्व ठेक्का कबोल रकमको १३ **प्रतिशत मू.अ.कर र १.५ अग्रिम आयकर** सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्नेछ ।

२३. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री बितरण गरेको परिमाणको विवरण **१/१ महिनामा** ठेकेदारले अनिवार्य रुपमा रसिदको अर्धकट्टी सहित चौ.न.पा.कार्यालयको राजश्व शाखामा पेश गर्नुपर्नेछ ।

२४. ठेक्कासँग सम्बन्धित कर/शुल्क रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै **३/३ प्रति** रसिद ठेक्केदारले स्वयंम आफैले छपाई गरि कार्यालय प्रमुख वा नीजले तोकेको कर्मचारीबाट प्रमाणित गराइ कार्यालयको छाप लगाई प्रयोग गर्नु पर्नेछ । नगरपालिकाबाट प्रमाणित नगरि रसिद प्रयोग गरिएको पाइएमा नियमानुसार कारवाही हुनेछ ।

२५. नदी तथा खोला खहरेहरुमा बाढी पहिरोका कारणले नदीजन्य सामाग्री थुप्रिन गई विपद दृष्टिले जोखिम हुनसक्ने प्राविधिक प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले विपत व्यवस्थापन समितिबाट निर्णय गराई सो क्षेत्रबाट आफै सामाग्री उत्खनन, संकलन गर्नेछ । यसमा ठेक्का सरोकारवाला पक्षको दावि विरोध लाग्नेछैन ।

२६. ठेक्केदारले ठेक्का सम्झौता पश्चात नदीजन्य पदार्थको उत्खनन् ,संकलन तथा विक्री वितरण गर्नु पूर्व प्रारम्भिक वातावरणीय परिक्षण (IEE)स्वीकृत भएका नदी तथा खोलाहरुमा अनिवार्य रुपमा स्थानीय जननिर्वाचीत पदाधीकारी, सरकारवाला व्यक्ति तथा जिल्ला अनुगमन समिती वा प्रतिनिधीहरुको संयुक्त रोहोवरमा चारकिल्ला रेखाङ्कन प्रमाणित समेत गरी होडिङ वोर्ड राख्नुपर्नेछ ।

२७. सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदीजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी बिक्री वितरण गर्न पाउने छैन । यदि उल्लेखीत परिमाण भन्दा बढि विक्री वितरण गर्नु परेमा स्वीकृत IEE को परिमाण भित्रबाट चौ.न.पा. बाट पुन: स्वीकृती लिई थप परिमाणको आधारमा कबोल गरेको दररेट बमोजिम रकम दाखिला गरी नदीजन्य पदार्थ बिक्री वितरण गर्न न.पा.को निर्णय अनुसार अनुमति लिनुपर्नेछ ।

२८. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्म/कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

२९. बोलपत्रदाताले वालुवाको सि.न.१ देखि सि.न. ५ सम्म एकमुष्ठ वा कुनै एक क्षेत्र वा एक भन्दा बढी क्षेत्रमा आंशिक रुपमा पनि बोलपत्र कबोल गर्न सकिनेछ । सोको ठेक्का कबोल अंकको ५ प्रतिशत धरौटी रकम छुट्टाछुटै पेश गर्नुपर्नेछ ।

३०. यसमा उल्लेख भएका कुराहरु सोही बमोजिम र उल्लेख नभएको कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

३१. विस्तृत जानकारीका लागि चौदण्डीगढी नगरपालिका बेल्टार, उदयपुरको **वेबसाइट www.chaudandigadhimun.gov.np, Facebook** पेज सूचना पाटी र **चौ.न.पा. को सम्पर्क नं ०३५४४०२४७ वा राजश्व शाखा मो.न.९८४२६७९००५** मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत

चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेल्टार, उदयपुर

